# स्थानीय राजपत्र

## मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या १७ असोज २९ गते २०८० साल


## भाग-२

## मिर्चैया नगरपालिका

## रामनगर मिर्चैया,सिरहा

## सूचना न.१७

### मिर्चैया नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८०

**प्रस्तवानाः** नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको एकल अधिकार सूची तथा अनुसूची ९ बमोजिमको साझा अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१, २, र ६) ले र मिर्चैया नगरपालिकाको आर्थिक कार्यविधि (नियमित र व्यवस्थित गर्ने ) ऐन, २०८० को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको आन्तरिक आय संकलन कार्य व्यवस्थित रुपमा संचालन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा भएको व्यवस्था बमोजिम आन्तरिक आय संकलन कार्यविधि तर्जुमा गरी मिति २०८०/०६/२९ को नगर कार्यपालिका वैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ** : (क) यो कार्यविधिको नाम "मिर्चैया नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० रहेको छ ।

(२) यो कार्यविधि मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछी लागू हुनेछ ।

(३) यो कार्यविधि मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) "आन्तरिक आय" भन्नाले प्रचलित ऐन, नियमावली र कार्यविधि बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार, क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा नगरपालिकाको सभाबाट स्वीकृत दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर, दस्तुर, सेवा शुल्क, बिक्री आदि आयलाई सम्झनुपर्छ ।

(ख) "ठेकेदार भन्नाले" नगरपालिकाको निश्चित अवधिको आय संकलन गर्न सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) "कर अधिकृत" भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले मिर्चैया नगरपालिकाको वडा सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले मिर्चैया नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) "शाखा" भन्नाले राजश्व शाखा सम्झनुपर्छ ।

(ज) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी नगरपालिकामा व्यवसाय दर्ता गरेको व्यक्ति/फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

(झ) "स्थानीय तह" भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनु पर्नेछ ।

(ञ) "बोलपत्र" भन्नाले प्रकाशित सूचना बमोजिमको बोलपत्र एवं दरभाउपत्रलाई समेत सम्झनु पर्नेछ ।

(ट) "नगर सभा" भन्नाले मिर्चैया नगरपालिकाको नगर सभालाई सम्झनु पर्नेछ ।

३. **मिर्चैया नगरपालिकाले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने** : (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को अधीनमा रही नगरपालिकाको नगर सभाले निर्णय गरे अनुसारको करको दर, सेवा शुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

**स्पष्टीकरणः** यस कार्यविधि प्रयोजनको लागि "आन्तरिक आय" भन्नाले नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक स्थानीय तहले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आयलाई सम्झनु पर्छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपनियम (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन्।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । तर विपद र अन्य विशेष कारणले ठेक्का लगाउन नसकेको अवस्थामा जुनसुकै समयमा पनि ठेक्का लगाउन सकिनेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपनियम (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, श्रोत परिचालनको व्यवस्थापन, लागत र चालु वर्षको ठेक्का अङ्क समेतलाई विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा पनि सम्झौता गर्न सकिने छ र पाँच लाख रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र/दरभाउपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयासम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने स्थानीय तह, नगरपालिका भित्रका चार वटा सरकारी कार्यालय, नगरपालिकाको सबै वडा कार्यालय  नगरपालिकामा  कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको वा कार्यालयमा समेत सबैले देख्ने गरी सार्वजनिक ठाउंमा सूचना टांस गरी सोको मुचुल्का वा टांसको जानकारी प्राप्त गर्नु पर्नेछ । दशलाख देखि  बीसलाख रुपैयाँसम्म भए स्थानीय

स्तरमा नियमित प्रकाशन हुने पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र बीसलाख भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद राखी राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(१) साबिकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान र आवश्यकता अनुसार इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिने छ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालयको नाम,

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) बोलपत्र दस्तूरः

| | |
|---|---|
| (क) बीसलाख रुपैयासम्मको लागि - | -एक हजार रुपैया |
| (ख) बीसलाख भन्दा माथि दुई करोड रुपैयासम्मको लागि | -तीन हजार रुपैया |
| (ग) दुई करोड भन्दा माथि छ करोड रुपैयासम्मको लागि | -पांच हजार रुपैया |

(घ) छ करोड भन्दा माथि दश करोडरुपैयासम्मको लागि -छ हजार रुपैया

(ङ) दश करोड रुपैयाभन्दा माथि पच्चिस करोड रुपैयासम्मको लागि -दश हजार रुपैया

(च) पच्चीस करोड रुपैयाभन्दा माथि जतिसुकै रकमको लागि -बीस हजार रुपैया

(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण लगायतका विवरणहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा कुनै पनि आय शिर्षकमा एउटा मात्र बोलपत्र दाखिला भएमा पनि स्वीकृत गर्न सकिने छ । बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई दिई स्थानीय राजस्व परामर्स समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार ठेक्का अंक / सर्त संशोधन गरि खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ :

(१) बढाबढ हुने स्थानीय तहको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय तहको नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम ९० दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

तर वढावढ गर्दा पनि नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा स्थानीय स्तरको सम्बन्धित राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक

आय संकलनको व्यवस्था गर्न सकिनेछ । साथै नगर क्षेत्र भित्र विपद्का कारण ठेक्का लगाउन नसकेमा अवधि तोकेर कार्यपालिकाबाट निर्णय गराइ अमानतमा राजस्व उठाउन सकिनेछ ।

(६) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको सम्झौता नभए सम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्काक्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीय तहले फिर्ता नगरी स्थगित राख्न बाधा पर्नेछैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) नियमानुसार कार्यालयमा पेश हुन आएका बोलपत्र/दरभाउ पत्र मुल्यांकन कार्यका लागि देहाय अनुसारको मुल्यांकन समिति रहने छ :

| | | |
|---|---|---|
| क | प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| ख | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| ग | प्राविधिक शाखा प्रमुख | -सदस्य |
| घ | प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत | -सदस्य |
| (ङ) | राजस्व शाखा प्रमुख | -सदस्य-सचिव |

४. **ठेक्का स्वीकृत गर्ने** : (१) नियम ३ को उपनियम ४ (घ) बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक स्वीकृत गर्दा कार्यालयलाई कुनै हानोक्सानी हुने देखिएमा नगरकार्यपालिकाले सो कारण देखाई वा नदेखाई कुनै एक वा सवै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सूचना बमोजिमका सवै प्रकृया पुगेको सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम देहायका बमोजिम स्वीकृत गर्नु पर्नेछ ।

| | |
|---|---|
| (क). रु. ५ करोड सम्मको | -प्रमुख प्रशासकिय अधिकृत |

(ख). रु. १० करोड सम्मको -नगर प्रमुख

(ग). रु. १० करोड भन्दा वढीको - नगर कार्यपालिकाबाट।

(३) नियम ३ को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै नियम ३ को उपनियम (५) बमोजिमको धरौटी वा वैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अन्तिम अधिकार नगर कार्यपालिकाको हुनेछ ।

**५. सम्झौता गर्ने र कार्यादेश दिनेः** (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने नगरपालिकाको अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त सम्झौता गराई निजलाई चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (१) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने राजस्व परामर्श समितिको वैठकबाट सिफारिस गराई पुनः सूचना प्रकाशन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको सात दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि मूल्याङ्कन समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । नगरपालिकाको मूल्याङ्कन समितिले पनि यसरी पेश भएको सात दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको सूचना दिनुपर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले नगरपालिकालाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्याद भित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

(४) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अङ्कको २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नुपर्नेछ र बाँकि ७५ प्रतिशत रकम र सो को भ्याट वापतको रकम समेत कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैंङ्कको ठेक्का अवधि सहित थप १५ दिन म्याद

भएको (बहुवर्षिय ठेक्काको हकमा कम्तिमा १ वर्ष) परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची-१ बमोजिम कबुलियत गरि सम्झौता गर्नु पर्ने छ र अनुसूची-२ चलान पुर्जी दिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ३ को उपनियम (५) बमोजिम राखेको जमानत जफत भई स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ ।

६. **ठेक्का रकमको किस्ता बुझाउने तरिकाः** (१) स्थानीय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिना भन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी कम्तिमा पाँच देखि बढीमा दश प्रतिशतसम्म कार्यपालिकाबाट निर्णय गराई छूट दिन सकिनेछ ।

तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

७. **ठेक्का तोड्ने** : (१) सम्झौता बमोजिमको कुनै शर्तको बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका माल वस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित स्थानीय तहले फिर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ ,यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राख्न अन्य स्थानीय तहहरु, नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालय र सार्बजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाईनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गनि अशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको छुट प्रतिशत समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगरपालिकाको नगर सभाले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

८. **बक्यौता रकम असूली सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्य योजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि नगर प्रहरी परिचालन गर्नुका साथै स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई नगरपालिकाले असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलव्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

९) **ढुवानीका साधन तथा मेशिनरीहरु सूचिकृत गराउनु पर्ने** :- १) नगरपालिका क्षेत्र भित्र नदीजन्य पदार्थ तथा अन्य निर्माणका कार्यमा प्रयोग हुने ढुवानीका साधन तथा मेसिनरीहरु प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका ढुवानीका साधन तथा मेशिनरीहरु सूचिकृत दर्ता लाग्ने शुल्क अनुसूची-३ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम सूचिकृत भएका ढुवानीका साधन तथा मेशिनहरुलाई अनुसूची-४ बमोजिको ढाँचामा प्रमाण पत्र उपलब्ध गराइनेछ । सो प्रमाण पत्र प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले

तिन महनिा भित्र नविकरण गराउनु पर्नेछ यस दफाको प्रयोजनको लागी नदीजन्य पदार्थ भन्नाले ढुङगा, गिटी, बालुवा, बोल्डर, मिस्कट, माटो, हदत्तर, बहत्तर आदिलाई जनाउछ ।

१२) **कामदारहरु सूचिकृत हुनु पर्नेः**(१) मिर्चैया नगरपालिका क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले निर्धारण गरेका क्षेत्र भित्र स्वीकृत मापदण्ड भित्र रही हाते औजार प्रयोग गरी ढुङगा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थ संकलन गरी तोकीएको दररेटमा विक्रि गर्न सकिनेछ । यसरी विक्रि गर्दा तोकीएको शुल्क नगरपालिकाले असूल गर्नेछ ।

(२) उपदफा (१) बमोजिम हाते औजार प्रयोग गरेर नदीजन्य पदार्थ संकलन गर्ने कामदारहरु अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचिकृत भएका कामदारहरुले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र सूचिकृत परिचय पत्र नविकरण गराउनु पर्नेछ । परिचय पत्र ढाँचा अनुसूची- ४ बमोजिम हुनेछ ।

९. यस कार्यविधिमा उल्लेख भएका बाहेकका विषयहरुमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली र मिर्चैया नगरपालिकाको सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

१०. यस कार्यविधिको संशोधन, खारेजी र थप व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा ५ को उपदफा ५ सँग सम्बन्धित)

नगर कार्यपालिकाको कार्यालय मिर्चैयाको आन्तरिक आय उठाउने सम्बन्धी कबुलियत फारम

लिखितम ........................ को नाती श्री ..................... को छोरा मिर्चैया नगरपालिका वडा नं. ....................... मा बस्ने वर्ष .................. को श्री .................. आगे तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा मिर्चैया नगरपालिकाको रकम ठेक्का बन्दो बस्त गर्ने गरी यस नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित ............................ सूचना अनुसार ठेक्का नं......................अनुसार तपाई समेतले पेश गर्नु भएको दरभाउपत्रको व्यहोरा पेश हुदा आर्थिक वर्ष .......................... को रु........................... (अक्षेरुपी ....................... ) मात्र भ्याट समेत रु............................ ठेक्का दिने गरी तपाईसंग ठेक्का बन्दोबस्त गर्न मिति ............................मा भएको यस कार्यालय निर्णय अनुसार तपसिलको शर्त बमोजिमका साधनबाट तपसिल बमोजिमको क्षेत्रमा स्थानीय सरकारको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मञ्जुरी आउनु भएको हो होईन भनी आज मलाई यस नगर कार्यपालिकाको कार्यालयबाट सोधनी हुंदा मेरो चित्त बुझयो । तपसिलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मञ्जुरी भै उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटि बढी नपारी कामकाज गरी तपसिलमा लेखिए बमोजिमको मिति भित्र नगर कार्यपालिकाको कार्यालयलाई एकमुष्ट रु..........................(अक्षेरुपी ............................(भ्याट समेत) बुझाई मिति ...................... देखी मिति ..................... साल आषाढ महिना सम्म आ.व............................ को निमित्त ठेकका चलाउने छु । पछि मैले कुनै कुरामा उजुर गर्ने छैन गरे यसै कागजबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसँग रकम चलनको कबुलियत लेखी यस नगरपालिकामा चढाएँ ।

तपसिल

१) तपसिलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया भित्र र शर्तको अधीनमा रही आर्थिक वर्ष .................. को जम्मा कवोल अंक रु.................... को ठेक्का रकम एकमुष्ट जम्मा रु.....................(अक्षेरुपी .................................. (भ्याट समेत) देहायको म्याद भित्र बुझाएको ............................... देखि .................... मसान्त सम्मलाई प्रचलित कानूनको अधीनमा रहि दरभाउपत्रको सूचना र सम्झौतामा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्ने गरी नगर कार्यापालिकाको आय संकलन गर्नेछु ।

कार्यक्षेत्रः— ..........................................................................................................

ठेक्का रकम भुक्तानीः एकमुष्ट रु...............................(अक्षेरुपी.................................. मात्र (मूल्य अभिवृद्धि कर समेत) सम्झौताका बखत एकमुष्ट बुझाएको ।

२) उक्त आय संकलन गर्नका निमित्त स्थानीय स्तरमा व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको स्थानीय स्तरमा यसै साथ संलग्न सूचीका माल वस्तुमा सोही सूचीमा तोकिएको दरमा कर,सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी नगर कार्यापालिकाको कार्यालय मिर्चैयालाई किस्ता रकम बुझाउने छु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद मिर्चैया नगरपालिकाबाट प्रमाणीत गराई प्रयोग गर्नेछु ।

३) सो आय संकलन गर्न मिर्चैया गरपालिका कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा उपभोग सेवा शुल्क नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको नगरपालिकाबाट भएको/हुने अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र सजाय हुन मलाई मञ्जुर छु ।

४) मैले यस वापत बुझाउनु पर्ने एकमुष्ट/पहिलो किस्ता रकम रु. ....................पट्टा कबुलियत भएका दिन आजै सूचनामा उल्लेख भएको यस कार्यालयको बैक खाता नं. ....................................वा राजश्व शाखामा नगदै जम्मा गर्नु पर्ने छ । अन्य किस्ता तोकीएको मिति भित्र यस नगर कार्यपालिकामा बुझाउदै जानु पर्नेछ ।

५) यो आय संकलन ठेक्का कबुलियत गरी चलन पुर्जी लिनको लागि कुल ठेक्का अंक रु. ................ मध्ये दाखिला गर्न बाँकी किस्ता रकम रु. एकमुष्ट बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैंक ................. को मिति ....................... साल श्रावण मसान्तसम्म म्याद गरेको परफरमेन्ट बण्ड र ....................... शाखा कार्यालय मिर्चैया,सिरहामा रहेको खाता नं. ...................मा नगदै दाखिला गरेको बैक भौचर संलग्न गरेको छु ।

६) अन्य शर्तहरु

(६.१) ठेकेदारले दरभाउपत्र फाराममा उल्लेखित सवारी साधनमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । सम्झौता उल्लेख नभएका सवारी साधनहरुसंग वा तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानून अनुसार कारवाही हुनेछ । ठेकेदारले तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ । ठेक्का रकम उठाउने सम्बन्धमा

आवश्यक प्रबन्ध गर्ने समेतको सम्पूर्ण दायित्व ठेकेदारको नै हुनेछ । यस कारेवार गर्दा बालश्रमको प्रयोग गर्न पाईने छैन । मजदुरको हकमा नगरपालिकाको दररेटमा कम नहुनेगरी ज्याला दिनु पर्नेछ

(६.२) ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । र उक्त रसिदमा स्थायी लेखा नम्बर उल्लेख गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ।

(६.३) राष्ट्रिय राजमार्ग सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाइने छैन । साथै राष्ट्रिय राजमार्गबाट न्यूनतम .... मिटर भन्दा परको दुरीमा मात्र ग्रामिण सडक उपभोग गरे वापत पटके सवारी कर उठाउन पाइने छ । सरकारी वा अन्य कुनै कर शुल्क ठेकेदारले आफैले व्यहोर्नु पर्नेछ । साथै स्थानीय स्तरबाट उत्पादित घरायसी प्रयोजनको लागि कृषि जन्य वस्तु तथा सामानहरु ढुवानी गर्दा सवारी कर छुट गर्नुपर्ने छ । (जस्तै धान, पराल, मकै, मल आदि ढुवानीमा) ।

(६.४) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैक ग्यारेन्टी फुकुवा गर्न सम्बन्धित आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र सहित नागरिकता/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(६.५) बन्द हडलात विपत्ति वा कुनै पनि कारणले राजश्व उठाउन नपाएको भनी मिनाहाको मागदाबी गर्न पाईने छैन ।

(६.६) सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुमा प्रयोग हुने सवारी साधनको दिनको एक पटक मात्र कर लिन पाईने

(६.७) मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा १५ (३) बमोजिम बोल अंकमा मूल्य अभिबृद्धि कर समेत जोडि असूल गरिनेछ ।विशेष परिस्थितिमा नगरपालिकाबाट कर छुट गर्न पठाए/लेखीएमा सोको कार्यान्वयन हुनु पर्नेछ ।

(६.८) माथि उल्लेख शर्तहरुको उल्लंघन गरेमा निज ठेकेदारको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

(६.९) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुने छ । नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।

(६.१०) ठेकेदार/निजको वारेस कामदारले कर उठाउदा अनिवार्य रुपमा परिचयपत्र लगाएर बस्नु पर्नेछ ।

(६.११) पार्किङ तथा सरसफाई प्रयोजनको लागि लैजाने खाली सवारी साधन र आफ्नो सवारी साधन निजी प्रयोग गरेको अवस्थामा (व्यवसाय बाहेक) यस नगरपालिका भित्रका व्यक्तिलाई कर लाग्ने छैन ।

**किस्ताबन्दी**

▯ वि.स. .............महिना .......... गते .....................वर्षको जम्मा रु. ............................ मध्ये एकमुष्ट रु. ......................... पट्टा कबुलियत भएको मिति आजै २०.................... मा बुझाई सोमा १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु. ................... समेत जम्मा रकम रु ..................... मात्र सम्झौताका समयमा बुझाएको । दोस्रो किस्ता .......................... गते भित्र मिर्चैया नगर कार्यपालिकाको कार्यालयमा रु. .......................... मु.अ.कर समेत दाखिला गर्नुपर्ने छ । तेस्रो किस्ता .................. महिना ............. गते भित्र मिर्चैया नगर कार्यपालिकाको कार्यालयमा रु. ..................मु.अ.कर समेत दाखिला गर्नु पर्ने छ ।

ठेकेदारको तर्फबाट

नाम थरः .......................

सम्पर्क नं. :

नगरपालिकाको तर्फबाट

नामः

पद

रोहबरः

राजश्व शाखा प्रमुख

इति सम्बत ................ महिना ............ गतेरोज .......... शुभ्म

अनुसूची-२
(कार्यविधिको दफा ५ उपदफा ५ सँग सम्बन्धित)
पट्टा चलन पूर्जी
मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पत्र सख्यां .............................

चलन नं. मितिः ..................

विषयः पट्टा/चलन पूर्जी सम्बन्धमा ।

श्री ..................................

..........................................

प्रस्तुत विषयमा स्थानिय सरकार सञ्चालन ऐन २०७४बमोजिम राजश्व संकलन गर्ने प्रयोजनार्थ यस नगर कार्यपलिकाको कार्यालयबाट प्रकासित सूचना बमोजिम तपाईले पेश गर्नु भएको दरभाउ पत्र कबोल अंक स्वीकृत भएको र मिति ............................. गते कबुलियत सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही कामकाज गर्नु गराउनुहुन तपाईलाई यो कार्यदिश दिईएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिलः

१) कार्यक्षेत्र : .........................................

२) कार्यविधिः ...........................................................

३) मिर्चैया नगरपालिकाबाट तोकिएको दररेटमा नबढने गरी कर असूली गर्नुहुन ।

४) नगरपालिकबाट प्रदान गरिएको कबुलियत फारम तथा सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि कार्य गर्नु पर्नेछ ।

५) तोकिएको दररेट सोकारवालाहरुले स्पष्ट रुपमा लेखिने गरी दररेटको सूची सूचनापाटीमा टाँस गर्नु हुन

६) कार्यगर्दा कही केही अप्ठ्यारो परिस्थिति सिर्जना भएमा लिखित रुपमा नगरपालिकामा समयमै सम्पर्क राख्नुहुन ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि-३
(कार्यविधिको दफा ११ को उपदफा २ सँग सम्बन्धित)
ढुवानीका साधन/मेसीनको सूचिकृत शूल्क

| सि.नं | सवारी सधानहरुको विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर | मिर्चैया नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम | |
| २ | टिप्पर | मिर्चैया नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम | |
| ३ | ट्रक | मिर्चैया नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम | |
| ४ | जे.सि.भी.(व्याक्होलोडर) | मिर्चैया नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम | |
| ५ | लोडर | मिर्चैया नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम | |
| ६ | पिकअप जीप | मिर्चैया नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम | |

अनुसूची- ४
(कार्यविधिको दफा ११ को उपदफा ३ सँग सम्बन्धित)
ढुवानीका साधन / मेसिनरीको सुचिकृत प्रमाण पत्र

सूचिकृत प्रमाण-पत्र

प्र.प.नं. : ....................

सूची दर्ता नं. :........

तपाई श्री .............................. ले आफ्नो ढुवानी साधन/मेसिनरी सूचिकृत गरी पाऊँ भनि निवेदन दिनु भएकोमा तपाईंको ढुवानी साधन/मेसिनरी नं. .............................. ................. लाई यस कार्यालयमा सूचिकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र प्रदान गर्ने अधिकारीकोः

नामः ........................

पदः ..........................

मितिः .............

| **नवीकरण renew** | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति<br>Date | आ.ब<br>Fiscal year | साधन न.<br>Machine no | रसिद न.<br>Receipt no | असुली रकम<br>Tax paid amount | दस्तखत<br>Signature | कैफियत<br>Ramarks |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले,
बिष्णु रंजन बराल
प्रमुख प्रशासकीय अधिकृत